## वन्यजन्तुबाट अप्रत्यासित रुपमा हुने क्षतिको राहत सहयोग संबन्धी निर्देशिका, २०६५

**प्रस्तावना:** जंगली वन्यजन्तु (हात्ती, गैंडा, बाघ, चितुवा, हिउँ चितुवा, भालु र अर्ना) ले निकुञ्ज आरक्षको जंगलक्षेत्र र राष्ट्रिय/सामुदायिक वनक्षेत्रबाट मध्यवर्ति क्षेत्र तथा अन्य गाउँ/वस्तिमा प्रवेश गरी स्थानीय जनताको जीउधनको क्षति पुऱ्याउने गरेका घटना पटक-पटक घटिरहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र त्यस अन्तर्गत बनेका नियमावलीहरु तथा अन्य प्रचलित नेपाल कानूनमा समेत वन्यजन्तुबाट हुने क्षतिको राहत दिने व्यवस्था नभएको कारण स्थानीय जनता र संरक्षण कार्यमा लागेका निकुञ्ज/आरक्ष/वन कार्यालय तथा स्थानीय प्रशासनबीच द्वन्दात्मक अवस्था रहेको छ ।

देशका अधिकांश संरक्षित क्षेत्रहरुबाट ती वन्यजन्तुहरु बाहिर आई वर्षेनी स्थानीय जनताको जीउधनको क्षति हुने क्रम बृद्धि भइरहेको छ । तराईका संरक्षित क्षेत्रका आसपासको क्षेत्रमा भारतको जंगलबाट वर्षेनी आउने जंगली हात्तीहरुबाट वर्षेनी ठूलो मात्रामा स्थानीय जनता पीडित भएका छन । स्थानीय गाउँ/वस्तिमा ती जंगली वन्यजन्तुहरुले जीउधनको क्षति गरेको कारण संरक्षित क्षेत्रहरुका कार्यालयहरुमा स्थानीय जनताबाट विभिन्न तरिकाबाट विरोध तथा दवाव आएकोले सो सम्वन्धमा स्थानीय स्तरका सरोकारवाला संघ-संस्था, नागरिक समाजसंग छलफल र अन्तरक्रिया गरी राय सुझाव संकलन गर्ने कार्य गरिएको र उक्त छलफल, अन्तरक्रिया तथा समन्वय गोष्ठी समेतबाट प्राप्त राय, सुझाव समेतलाई आधार मानेर त्यस्ता संरक्षित वन्यजन्तुबाट हुने र हुन सक्ने जीउधनको क्षति वापत तपसिलका मापदण्डको आधारमा पीडित नेपाली नागरिकलाई राहत उपलव्ध गराउन आवश्यक देखिएकोले वन तथा भू-संरक्षण मन्त्रालयले यो निर्देशिका तयार गरेको छ ।

### क. वन्यजन्तुबाट हुने क्षतिका किसिमहरु:

(१) मानवीय क्षति :

(क) मृत्यु, (ख) गम्भीर घाइते (ग) सामान्य घाइते

(२) पशुधनको क्षति :

(क) मृत्यु, (ख) गम्भीर घाइते

(३) भण्डारण गरेको अन्नको क्षति :

बोरा/के.जि. (क्षतिको परिमाण)

(४) घरको क्षति :

(क) पूर्णरुपमा क्षति (ख) आंशिक क्षति

(५) खाद्यान्न तथा फलफूल बालीबो क्षति :

## ख. राहत उपलब्ध गराउने आधार

**(१) मानवीय क्षतिः**

मानवीय क्षति अन्तर्गत देहायका अवस्थामा मात्र राहत उपलब्ध गराइने छः -

(क) निकुञ्ज/आरक्षमा प्रवेशपत्र लिएर प्रवेश गरेको वा सुविधा प्राप्त बाटोमा हिड्दा अप्रत्यासित रुपमा वन्यजन्तुले आक्रमण गरेको

(ख) सामुदायिक वनमा प्रवेश अनुमति लिएर प्रवेश गरेको अवस्था,

(ग) आफ्नै खेतीवारीमा काम गरिरहेको अवस्था,

(घ) घर भित्र र घर परिसरमा बसको वा सुतेको अवस्था,

(ङ.) गाउँ वस्ति वा वजारको सार्वजनिक बाटो, चौतारा भवन आदिमा बसेको/सुतेको/हिंडेको अवस्था,

(च) अन्य राष्ट्रिय वन क्षेत्र (निषेधित क्षेत्र बाहेक) मा हिडडुल गर्दाको अवस्था

**(२) पशुधनको क्षति :**

पशुधनको क्षति अन्तर्गत देहायका अवस्थामा मात्र राहत उपलब्ध गराइने छः -

(क) संरक्षित क्षेत्रमा प्रवेश पत्र लिएर सुविधा प्राप्त बाटोबाट पशु धनिले हिडाईराखेको वेला,

(ख) सामुदायिक वा अन्य राष्ट्रिय वनमा चरीचरण तोकेको ठाउंमा पशु धनिले गोठालो वसी चराई राखेको वेला,

(ग) सार्वजनिक पानीघाटमा पानी खुवाउन पशु धनीले लगेको वखत,

(घ) आफ्नै घर गोठमा वांधेको अवस्था वा आफ्नै जमिनमा चराउन लगेको वखत ।

**(३) भण्डारण गरेको अन्न घर/गोठ**

उल्लिखित वन्यजन्तुले गरेको भण्डारण गरेको अन्न घर/गोठको क्षतिमा क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराइने छ ।

**(४) कृषि बाली**

- उल्लिखित वन्यजन्तुले खाद्यान्न र फलफूल बाली नोक्सान गरेमा

## ग. राहत उपलब्ध गराउने प्रक्रिया

(१) नेपाली नागरिकको मृत्यु भएको अवस्थामा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

- संभव भएसम्म मृतकको फोटो
- मृत्यु दर्ता प्रमाणपत्र

- घटनास्थल सर्जमीन मुचुल्का
- स्वास्थ्य संस्थाको सिफारिश
- मृतकका हकवालाको निवेदन
- नाता प्रमाणित कागजात
- संबन्धित गा.वि.स.। न पा को सिफारिस

(२) घाइतेहरुका हकमा राहत सहयोग लिन निम्न कागजातहरु पेश गर्नु पर्नेछ :

- संभव भएसम्म घाइतेको फोटो
- सर्जमिन मुचुल्का
- स्वास्थ्य संस्थाको सिफारिश र औषधीको बील
- संबन्धित गा.वि.स.। न पा को सिफारिस

**(२) पशुधनको मृत्यु भएमा :**

- सर्जमीन मुचुल्का
- हकवालाको निवेदन र नाता प्रमाणित कागजात
- संबन्धित गा.वि.स.। न पा को सिफारिस
- पशु सेवा संबन्धी प्राविधिकको मुल्यांकन

**(३) भण्डारण गरेको अन्न, घर/गोठ क्षति भएमा**

- सर्जमीन मुचुल्कामा क्षति भएको विवरण खुलाउने,
- निवेदकको निवेदन,
- संबन्धित गा.वि.स.। न पा को सिफारिस
- जिल्ला कृषि विकाश कार्यालय वा तहाँवाट तोकेको प्राविधिकको मुल्यांकन

## घ. राहत रकमको हद

### १. मानिस घाइते भएमा वा मानिसको मृत्यु भएमा

- सामान्य घाइतेका लागि वढिमा रु.५,०००।- सम्म,
- सख्त घाइतेको लागि उपचार खर्च वापत बढीमा रु.५०,०००।- सम्म
- मृत्यु भएमा आश्रित परिवारका लागि रु. १,५०,०००।- (एकलाख पचास हजार) एकमुष्ट

२. **पशुधनको क्षतिको लागि :**

- मृत्यु भएको पशुको स्थानीय बजार मूल्यमा नबढ्ने गरी बढीमा रु. १०,०००।- सम्म एकमुष्ट ।

३. **घरगोठ क्षतिको लागि :**

- घर मर्मत गर्न मुल्यांकन गरी रु. ४,०००।- सम्म राहात उपलब्ध गराउने,
- भकारीमा भण्डारण गरिएको अन्नको मुल्यांकन गरी रु.५,०००।- सम्म राहात उपलब्ध गराउने,

४. खाद्यान्न तथा फलफूल बालीका **लागि :**

जिल्ला कृषि विकास कार्यालय वा तहावाट तोकिएको प्राविधिकको सिफारिसका आधारमा बढीमा रु. ५,०००।- सम्म राहत उपलब्ध गराउने ।

**ङ.** <u>संस्थागत संरचनाः</u>

राहत सहयोग उपलब्ध गराउन निम्न बमोजिमको एक राहत वितरण समिति प्रत्येक जिल्लामा रहनेछः-

| | | |
|---|---|---|
| (१) | संबन्धित प्रमुख संरक्षण अधिकृत वा जिल्ला वन अधिकृत | -संयोजक |
| (२) | संबन्धित जिल्ला कृषि विकास कार्यालयको प्रतिनिधी अधिकृत | -सदश्य |
| (३) | संबन्धित जिल्ला पशु विकास कार्यालयको प्रतिनिधी | -सदश्य |
| (४) | संबन्धित मध्यवर्ती वन वा सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष | -सदश्य |
| (५) | संबन्धित गा वि स वा न पा को प्रमुख | -सदश्य |

**च. राहत माग गर्दाको कार्यविधिः**

राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले ३५ दिन भित्र संबन्धित राष्ट्रिय निकुञ्ज वा आरक्ष वा जिल्ला वन कार्यालय समक्ष माथि तोकिएका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

**छ. राहत प्रदान गर्ने कार्यविधिः** (१) राहत रकम क्षेत्रीय वन निर्देशनालयवाट राहत वितरण समितिको सिफारीस बमोजिम उपलब्ध गराइने छ ।

(२) राहत वितरण खर्चको फाँटवारी प्रत्येक महीना संबन्धित विभागमा पठाउनु पर्नेछ ।

(३) क्षेत्रीय वन निर्देशनालयले राहत वितरण खर्चको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।